# कोन्ज्योसोम गाउँपालिका

# आर्थिक वर्ष २०७६/७७ को बार्षिक नीति तथा कार्यक्रम

कोन्ज्योसोम गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

चौघरे, ललितपुर

प्रदेश नं. ३, नेपाल

२०७६

**यस सभाका प्रमुख अथिति ज्यू**

**विशेष अथिथि ज्यूहरु**

**गाउँसभाका उपाध्यक्ष ज्यू**

**गाउँसभाका सचिव ज्यू**

**विभिन्न विषयगत समितिका संयोजक ज्यूहरु**

**गाउँसभाका सदस्य ज्यूहरु**

**अतिथि तथा सञ्चारकर्मी महानुभावहरु**

**विषयगत शाखाका प्रमुख तथा कर्मचारी मित्रहरु**

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

१. नेपाली जनताको पटक पटकको त्याग र वलिदानीपूर्ण संघर्ष तथा विभिन्न आन्दोलनको माध्यबाट मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको तथ्य अवगतै छ । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि भएको ऐतिहासिक जन आन्दोलन तथा सशस्त्र संघर्षका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइते, अपाङ्गता भएका तथा वेपत्ता पारिएका नागरिकहरुप्रति उच्च सम्मान र आदर प्रकट गर्दछु ।

२. संविधान सभाबाट नेपालको संविधान, २०७२ जारी भएपछि वि.सं. २०७४ सालमा सम्पन्न निर्वाचनबाट निर्वाचित भई स्थानीय तहको जिम्मेवारी सहित तेस्रो वर्षमा प्रवेश गरेका छौं । नेपालको संविधानको भाग १३ (स्थानीय कार्यपालिका) अन्तर्गत धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा भाग १९ (स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को गाउँपलिका तथा नगरपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०७६/७७ को कोन्ज्योसोम गाउँपालिकाको नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष पेश गर्न पाउँदा गौरवको अनुभूती गरेको छु ।

३. आर्थिक समानता, समृद्धि, र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तहरुका आधारमा समतामुलक समाज निर्माणको संकल्प गरेको संघिय लोकतान्त्रिक गणतन्त्रको संविधान तथा संघीय, प्रदेश र स्थानीय तहको निर्वाचनबाट बनेको सरकारहरुको माध्यमबाट अहिले नेपाली जनताले संघिय लोकतान्त्रिक अभ्यास गर्दैछन् । स्थानीय सरकार संविधानको भावना अनुरुप सञ्चालन गर्नका लागि कतिपय ऐन, कानूनहरु निर्माणका क्रममा रहेको हुँदा जनताले अपेक्षा गरेको सिंहदरवार अझापि स्थानीय सरकारका वडा स्तरमा

आउन नसकिरहेको अवस्थालाई पनि हामिले स्वीकार्नुपर्ने अवस्था छ तर यस खालको अवस्था सधै नरहने तर्फ पनि यस गरिमामय सभा मार्फत आस्वस्त गराउन  चाहन्छु ।

४. जनताका आवश्यकता, माग र अपेक्षाहरु स्वभावैले असिमित छन तर हामीसँग स्रोत र साधन सीमित छ । सीमित साधन स्रोतमा जनसहभागिता र जन योगदान मिसाएर पूँजी निर्माण गर्नुपरेको छ । स्थानीय स्रोत साधन ढुङ्गा, गिट्टी आदि हामीसँग केही अवश्य छन । अव तिनीहरुको परिचालन र अधिकतम सदपयोग गरेर अघि बढ्ने प्रयत्न हामीले गर्नु परेको छ । कोन्ज्योसोम गाउँपालिकाको समग्र र समानुपातिक विकास कसरी गर्ने यस बारेमा सबैको चिन्तन, मनन र सबैको लगानी र सहयोगको खाँचो छ ।

हाम्रो ढुकुटी वा सञ्चित कोषका शिर्षक देहाय अनुसार हुन सक्ने तर्फ ध्यान आकर्षित गर्न चाहन्छु :

- ✓ आन्तरिक स्रोत परिचालन
- ✓ कर, दस्तुर र रजिष्ट्रेसन शुल्क
- ✓ संघीय सरकारको वित्तिय समानिकरण, सर्शत, समपुरक र विशेष अनुदान तथा राजश्व वाँडफाँडबाट प्राप्त रकम
- ✓ प्रदेश सरकारको वित्तिय समानिकरण, सर्शत, समपुरक र विशेष अनुदानबाट प्राप्त रकम
- ✓ उपभोक्ता समुदायको श्रम र पूँजीगत योगदान र
- ✓ दाताहरुको अनुदान तथा ऋण

५. यिनै पृष्ठभूमिमा उभिएर " **कृषि, पर्यटन, जनशक्ति विकास र पूर्वाधार, समृद्ध र सम्पन्न कोन्ज्योसोम विकासको आधार**" नारालाई हामिले अगाडि सारेका छौ ।

६. ठिक दुई बर्ष पहिले स्थानीय तहको निर्वाचनका सन्दर्भमा हामीले सार्वभौम गाउँवासी समक्ष गरेका प्रतिवद्धताहरु केवल निर्वाचनमा विजय हाँसिल गर्ने खेल मात्र थिएनन, ती त हाम्रा आवश्यकतामा आधारित योजनाहरु थिए । हामी अहिले पनि विगतमा गरेका प्रतिवद्धताहरुलाई पूरा गर्ने संकल्प गरिरहेका छौं  र तीनै प्रतिवद्धताहरुबाट निर्देशित छौं ।

७. संघीय सरकार, राष्ट्रिय योजना आयोग र प्रदेश सरकारका नीति निर्देशनहरु गाउँ विकासका लागि मूलभूत मार्ग निर्देशन हुन ।

८. गाउँ सरकारको नीति निर्देशनमा आधारित भई ५ बर्षे आवधिक योजना यसै आ.व. ०७६/७७ मा तर्जुमा गरी त्यसैको मार्ग दर्शनमा समग्र गाउँ विकास योजनाहरुलाई कार्यान्वयन गर्ने संकल्पलाई दोहो¥याउँछौं ।

९. मुलुकमा तीनै तहको निर्वाचनबाट राजनीतिक स्थायित्व कायम भई मुलुक अब आर्थिक समृद्धि र विकासको दिशामा अगाडी बढेको छ । यस अवसरको सदुपयोग गर्दै हाम्रा गाउँपालिकामा रहेका कृषि, बन, धार्मिक तथा पर्यटकिय सम्भावना, प्राकृतिक स्रोत साधन र जनशक्तिलाई उचित परिचालन एवं व्यवस्थापनबाट गाउँ समृद्धि र विकासको ढोका खोलिने छ भन्नेमा म विश्वस्त छु । **हाम्रो कोन्ज्योसोम राम्रो कोन्ज्योसोम** बनाउन संघीय र प्रदेश सरकारसँगको सहयोग, समन्वय र

सहकार्यका साथ स्थानीय उद्योगी, व्यापारी, बुद्धिजीवी, संचारकर्मी, पर्यटनकर्मी, समाजसेवी लगायत समग्र कोन्ज्योसोम बासीको सक्रिय सहयोग र सहभागितामको लागि जोड दिइने छ ।

१०. चालु आर्थिक बर्ष २०७५/७६ का लागि तेस्रो गाउँसभाबाट स्वीकृत नीति, योजना तथा बजेट हाल कार्यान्वयनको अन्तिम चरणमा रहेको छ । निर्वाचित जनप्रतिनिधिको रुपमा पदमा वहाल भई सकेपछि पेश गरिएको नीति, योजना र बजेट कार्यान्वयनको हालसम्मको अवस्थाको मूल्याङ्कन र समीक्षा गर्दा पूर्वाधार तथा अन्य योजना कार्यक्रमहरुको उपलब्धीहरु अपेक्षित रुपमा सन्तोषजनक नै भएको देखिन्छ । विगत बर्षहरुका नीति, योजना, र बजेट कार्यान्वयनको अनुभव र सिकाइबाट गाउँपालिकाको दिगो र सन्तुलित विकासका लागि योजनाबद्ध रुपमा अगाडी बढ्नुपर्ने पृष्ठपोषण र प्रेरणा मिलेको छ ।

११. आर्थिक बर्ष २०७६/७७ का लागि गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा चालु आ.व. २०७५/७६ को नीति तथा कार्यक्रमलाई समेत पुनरावलोकन गर्दै संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग र मार्गदर्शन, प्रदेश सरकारको नीति, प्राप्त बजेट, योजना र कार्यक्रम, संविधानको अनुसूची-७,(संघ र प्रदेशको साझा अधिकारको सूची), अनुसूची-८(स्थानीय तहको अधिकारको सूची) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लिखित गाउँपालिकाको कार्यक्षेत्र, स्थानीय तहको वार्षिक योजना तथा बजेट दिग्दर्शनलाई समेत ध्यानमा राखिएको छ । यसैगरी नेपालले अन्तराष्ट्रिय स्तरमा प्रतिवद्धता गरेको सन् २०३० सम्म पुरा गर्नुपर्ने दिगो विकासको लक्ष्य, सन् २०२२ सम्म नेपाललाई विकासशील राष्ट्र बनाउने लक्ष्य, पन्ध्रौ योजनाको आधारपत्र र अन्तराष्ट्रिय स्तरमा नेपालले व्यक्त गरेको विषयगत क्षेत्रका प्रतिवद्धता बमोजिम नतिजा प्राप्तीमा सहयोग पुऱ्याउने गरी कार्यगर्न यस गाउँपालिका कटिबद्ध रहने छ ।

**सभाका सदस्य ज्यूहरु**

अब म आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रमलाई विषयगत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु :

**पूर्वाधार विकास :**

१२. गाउँपालिका भित्र पूर्वाधारहरुको प्रभावकारी विकासका लागि गाउँगौरवका आयोजनाहरु ( **कोन्ज्योसोम प्रतिमा निर्माण आयोजना, दलचोकी भ्यू टावर निर्माण आयोजना, भारदेउदेखि पनौती जोड्ने सडक आयोजना, सिमभञ्ज्याङ्ग दलचोकी सडक आयोजना, कतुवन-शंखु-भट्टेडाँडा सडक आयोजना, नल्लु करीडोर सडक आयोजना र काम्लेचौर फुटवल ग्राउण्ड**) लाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ । यस कार्यमा संघ तथा प्रदेश सरकारसँग थप साझेदारी गर्नको लागि विशेष कोषको व्यवस्था गरिनेछ ।

१३. **समुदायको लगानी विकासको थालनी** भन्ने भावनाका साथ विकासमा समुदायको सहभागिता तथा स्वामित्व मार्फत दिगो विकासलाई प्रभावकारी बनाउन ८०:२० जस्ता साझेदारी मोडललाई निरन्तरता दिंदै गाउँगौरबका योजनाहरु सञ्चालन हुने व्यवस्था मिलाईने छ ।

१४. गाउँपालिकाको उपलब्ध स्रोत र साधनले कार्यान्वयन गर्न नसकिने, वडाबाट सिफारिस भएका ठूला योजना तथा विस्तृत परियोजना कार्यान्वयनको लागि विशेष अनुदान, समपुरक अनुदान परिचालन गरी सम्पन्न गर्न जोड दिइनेछ ।

१५. विकास आयोजनाहरुको गुणस्तरियता र दिगोपनाका लागि निश्चित सूचक र निश्चित मापदण्डका आधारमा निरन्तर अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्ने पद्धतिलाई अझ प्रभावकारी बनाउदै लगिनेछ । निर्माण सम्पन्न सबै प्रकारका भौतिक पूर्वाधारहरुको लगत तयार गरी मर्मत संभार कार्यलाई प्राथमिकतामा राखिनेछ । ठूला प्रकारका आयोजनाहरु कार्य सम्पन्न पश्चात तेस्रो पक्ष मूल्याङ्कन ( Third Party Evaluation) पद्धति अवलम्बन गरिनेछ । विगतमा शुरु गरिएका अधुरा योजना तथा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१६. गाउँपालिका भित्रका भवन सम्बन्धी भौतिक पूर्वाधार निर्माणका लागि राष्ट्रिय भवन संहिता तथा मापदण्ड, २०७२ को पूर्ण पालना गराइनेछ । आ.व. ०७६/७७ को शुरुमै गाउँ सडक यातायात गुरुयोजना तयार गरी सोही अनुरुप नया सडकको ट्र्याक खोल्ने तथा स्तरोन्नती र सुधार गर्दै लगिनेछ । घर नक्सा पास सम्वन्धी कार्यलाई थप व्यवस्थित र सहज बनाउन भवन निर्माण तथा नक्सापास सम्बन्धी कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ ।

१७. हाल सञ्चालनमा रहेका झोलुङ्गे पुलहरुको मर्मत सम्भार गर्ने, निर्माणाधिन पुलहरुको निर्माण कार्य समयमै सम्पन्न गर्ने तथा आवश्यकताको पहिचान गरी थप स्थानहरुमा झोलुङ्गे पुल निर्माणको कार्यलाई अगाडी बढाइने छ ।

१८. सडक तथा अन्य पूर्वाधारहरु निर्माणको क्रममा वन फडानी भई हुन सक्ने वातावरणीय क्षतीलाई न्यूनीकरण गर्न फडानी भएको एक रुख बराबर ५ विरुवाको रोपण गर्ने व्यवस्था मिलाइने छ साथै विकास निर्माणका कारण भएको भू-स्खलनलाई रोक्न वृक्षारोपण कार्यक्रमलाई अभियानका रुपमा अगाडी बढाइनेछ ।

१९. गाउँपालिका क्षेत्र भित्र रहेका ऐलानी, पर्ति जग्गाको लगत अभिलेखिकरण गरिनेछ । साथै ऐलानी, पर्ति जग्गाको संरक्षण र समुचित उपयोग तर्फ पहल गरिनेछ । त्यस्ता प्रकृतिका जग्गामा बनेका घर टहराहरुलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम बहाल विटौरी करको दायरामा ल्याइनेछ । साथै गाउँ क्षेत्र भित्रका सडकहरुको अधिकार क्षेत्र (Right of Way) कायम गर्न विज्ञ सहितको समिति गठन गरी समितिको सुझाव बमोजिम सडक अधिकार क्षेत्र तोकिनेछ ।

२०. सिंचाईको अभावमा गाउँपालिका भित्रका खेतियोग्य जमिनमा खेती गर्न मनसुन कुर्नै पर्ने अवस्थाको अन्त्य गर्दै लिफि्टिङ्ग प्रविधि मार्फत **ठोस्ने खोला र नल्लु खोला**को पानी लिफ्ट् गरी सिंचाइ सुविधा मार्फत बाह्रै मास खेती गर्न सकिने व्यवस्था मिलाईने छ ।

२१. गाउँपालिका र अन्तर्गत रहेका सम्पुर्ण सरकारी कार्यालय, स्वस्थ्य संस्था तथा सामुदायिक विद्यालयहरुमा इन्टरनेट सेवाको पहुँचमा विस्तार गरिनेछ ।

**<u>आर्थिक विकास तर्फ :</u>**

२२. आगामि आर्थिक वर्ष ०७६/७७ लाई यस गाउँपालिकाले “ **कृषि तथा पशुपक्षी बर्ष** ” को रुपमा मनाउने छ ।

२३. कृषि तथा पशुपालन पेशालाई व्यवसायिक र यान्त्रिकीकरण गर्न कृषि पूर्वाधार विकास, कृषकहरुको क्षमता विकास गर्दै युवा रोजगारी सिर्जना र गरिवी निवारणमा योगदान पुग्ने गरी समावेशी आर्थिक विकासका कार्यक्रम कृषकहरुको साझेदारीमा सञ्चालन गरिनेछ । यान्त्रिकीकरण कार्य तर्फ साझेदारीमा प्रविधि हस्तान्तरण गरिने छ ।

२४. विषादी न्यूनीकरण अभियानलाई प्रोत्साहन गर्दै एकिकृत शत्रुजीव व्यवस्थापन (I.P.M) कार्यक्रम सञ्चालन र व्यवस्थापन गरिनेछ ।

२५. पशुस्वास्थय कार्यक्रम लाई थप प्रभावकारी बनाउन दुई वटा पशुसेवा केन्द्र स्थापना गरि ल्याव सहितको पशु स्वास्थय सेवा प्रदान गरिनेछ । वडा नं. १. लाई “ **तरकारी खेती तथा बाखापालन पकेट क्षेत्र**” **,** वडा नं. २ लाई “ **भैसिंपालन तथा तरकारी खेती पकेट क्षेत्र**” वडा नं. ३ लाई “**दुग्द उत्पादन पकेट क्षेत्र**” वडा नं. ४ लाई “ **फलफूल तथा तरकारी खेती पकेट क्षेत्र**” र वडा नं. ५ लाई “ **तरकारी खेती तथा पशुपालन पकेट क्षेत्र**” को रुपमा विकास गरी साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ । व्यवसायिक कृषि परिचय-पत्र वितरण गरी अभिलेख व्यवस्थित गरिनेछ । पशु तथा बाली विमामा कृषकहरुलाई प्रेरित गर्नुका साथै गाउँपालिकाबाट समेत बजेट विनियोजन गरी जोखीम न्यूनीकरणमा जोड दिइनेछ ।

२६. कृषि उत्पादन बृद्धि गर्न र कृषिजन्य वस्तुहरुको व्यवसायिक उत्पादन क्षेत्रमा उपयुक्त र दिगो सिंचाइ तथा आवश्यक पूर्वाधारहरुको व्यवस्था मिलाइने छ ।

२७. स्थानीय स्तरमा कृषि तथा बनजन्य लघु उद्योगहरुको स्थापना र विकास गरी रोजगारी मार्फत गरिवी न्यूनीकरण गर्न “ **अध्यक्ष रोजगार कार्यक्रम**” कार्यान्वयनमा ल्याइनेछ ।

२८. पशुजन्य पदार्थको उत्पादन वृद्धिका लागि पशु आहार पद्धतिलाई विस्तार गर्न कृषकहरुलाई उन्नत तथा पौष्टिकयुक्त घाँसको बीउ विजन र आवश्यक यन्त्र उपकरण उपलब्ध गराइनेछ ।

२९. नश्लसुधार कार्यक्रमलाई प्रभावकारी बनाउन कृत्रिम गर्भाधान सेवा किसानहरुको घरदैलोमा पुग्ने गरी विस्तार गरिने छ । साथै प्राकृतिक गर्भाधान सेवालाई प्रभावकारी बनाउन उन्नत नश्लका प्रजनन्योग्य बोका तथा राँगा वितरण गरिनेछ ।

३०. स्थानीय व्यापार प्रबर्द्धन हेतु कृषि तथा पशुजन्य उपजको संकलन केन्द्र प्रत्येक वडामा स्थापना गरी गाउँपालिका क्षेत्र भित्र उत्पादित कृषि तथा पशुजन्य उत्पादनको काठमाडौं उपत्यका सम्म बजारीकरण कार्यका लागि स्थानीय सहकारी लगायतका संघ सस्थासँग सहकार्य गरिनेछ ।

३१. विकासमा जनताको सहभागिता, अपनत्व र स्वामित्व कायम हुनेगरी आर्थिक विकास र गरिवी निवारणमा योग्दान पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर,

आम्दानी र रोजगारी बढ्ने खालका योजनाहरु कार्यान्वयनमा जोड दिइने छ । साथै लगानीमैत्री वातावरण सिर्जना गरी सार्वजनिक निजी साझेदारी (PPP) अवधारणालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

३२. **समृद्धिका लागि सहकारी** भन्ने मर्मलाई आत्मसाथ गर्दै गाउँपालिका भित्र रहेका सहकारी संस्थाहरुको नियमन र प्रभावकारीताका लागि सहकारी सम्बन्धी आवश्यक नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ । सहकारी संस्थाहरुमा रहेको शेयर सदस्यहरुको पूँजीलाई सदुपयोग गरी सदस्यहरुको आर्थिक, सामाजिक विकासमा योगदान दिने खालका कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिनेछ । साथै सहकारीहरुको क्षमता र संस्थागत विकास गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

३३. गाउँपालिका क्षेत्र भित्र रहेका धार्मिक पर्यटकिय स्थलको विकासको लागि तत् तत् क्षेत्रको गुरुयोजना तयार गरी सोको आधारमा योजनाहरु कार्यान्वयन गरिनेछ । आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न चालु आ.व.मा " **कोन्ज्योसोम पदयात्रा**" सम्पन्न भइसकेको र आगामी आ.व.मा समेत यस्ता प्रवर्द्धनात्मक कार्यहरु गर्दै लगिनेछ ।

३४. कोन्ज्योसोम प्रतिमा, गुप्तेश्वर महादेव मन्दिर तथा गुफा, पाथिभरा मन्दिर, मनकामना मन्दिर, गुम्बाडाँडा कुसुम, निर्माणाधिन तामाङ्ग संग्राहालय/छ्यौंतेन, कृष्ण प्रणामी मन्दिर लगायत विभिन्न मन्दिर, छ्यौंर्तेन, गुम्बा जस्ता धार्मिक तथा साँस्कृतिक सम्पदा तथा क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

३५. सामाजिक वञ्चितिकरणमा परेका, फरक क्षमता भएका, जेष्ठ नागरिक, महिला, बालबालिका, एकल महिला, दलित, आदिवासी जनजाती तथा अल्पसंख्यकहरुको आर्थिक सामाजिक विकास गर्दै सम्मानपूर्ण जीवनयापन गर्नपाउने वातावरणको सिर्जना गरिनेछ । "**आर्थिक समृद्धिका लागि महिला उद्यमशिलता**" भन्ने नाराका साथ कार्यक्रम संचालन गरिनेछ ।

३६. स्थानीय भाषा, साहित्य, संस्कृति, कलाको संरक्षण र विकासका लागि कार्यक्रमहरु संचालन गरिनेछ । उपयुक्त स्थानमा **तामाङ्ग साँस्कृति भिलेज** (Tamang Cultural Village) को अवधारण विकास गरी सोलाई मूर्तरुप दिन गुरुयोजना बनाई कार्यान्वयनमा समेत लगिने छ ।

३७. उपभोक्ता अधिकार र हितको संरक्षणका लागि उपभोग्य सामान र सेवाको गुणस्तरीयताको सुनिश्चित गर्न बजार अनुगमन सम्बन्धी नीति, कानुन एवं मापदण्ड बनाई नियमित अनुगमन र नियमन गरिनेछ ।

**समाजिक विकास तर्फः**

३८. गाउँ शिक्षा कार्यविधिलाई आवश्यकता अनुसार परिमार्जन गर्दै आधारभूत तथा माध्यमिक तहको शिक्षाको गुणस्तर वृद्धि गर्न विद्यालयहरुको समय समयमा अनुगमन तथा नियमन गर्ने तथा उक्त कार्यविधिको प्रभावकारी कार्यान्वयनलाई जोड दिइनेछ ।

३९. नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य गरेको सन्दर्भमा **वालवालिकाहरुलाई भर्ना गरौ, टिकाउँ र सिकाउँ** भन्ने मुल नाराका साथ भर्ना अभियान सञ्चालन गर्ने तथा कक्षा १ सम्मका बालबालिकाहरुलाई दिइदै आएको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइने छ । गाउँपालिका भित्र सञ्चालनमा रहेका माध्यमिक स्तरका सामुदायिक विद्यालयहरुमा विधुतीय हाजिरी थालनी गरिने छ ।

४०. **८२** प्रतिशत तामाङ्ग बाहुल्य यस क्षेत्रमा मातृभाषाको संरक्षणका लागि तामाङ्ग भाषाको पाठ्यक्रम तयार गरी सामुदायि विद्यालयहरुमा ऐच्छिक रुपमा कक्षा पाँच सम्म क्रमश तामाङ्ग (मात्रीभाषा) मा पठन पाठन हुने व्यवस्था मिलाईने छ ।

४१. शिक्षण सिकाइलाई उपलब्धिमुलक र प्रभावकारी बनाउन केही सामुदायिक विद्यालयहरुमा नमुनाको रुपमा प्रविधिमा आधाररित Digital Education को शुरुवात गरिनेछ ।

४२. गाउँपालिका क्षेत्रको शैक्षिक स्तरलाई माथि उठाउन तथा व्यवसायिक तथा रोजगारमूलक गुणस्तरीय शिक्षालाई प्रवर्द्धन गर्न व्यवसायिक शिक्षा सञ्चालन भइरहेका विद्यालयलाई अझै साधन सम्पन्न बनाइने छ भने नया प्राविधक धारका क्याम्पस स्थापना तथा सञ्चालन तर्फ अध्ययन शुरु गरिनेछ ।

४३. आधारभूत स्वस्थ्य सेवामा पहुँच र सुनिश्चितताका लागि गाउँभित्रका स्वास्थ्य सँस्थाले दिंदै आएको सेवालाई थप प्रभावकारी बनाइ सेवाको गुणस्तरीयतामा जोड दिइने छ । नेपाल सरकारको प्रत्येक स्थानीय तहमा कम्तिमा १५ शैयाको अस्पताल स्थापना गर्ने नीति रहेकोले त्यसलाई कार्यरुप दिन यस गाउँपालिकाले संघीय सरकार तथा प्रदेश सरकार समक्ष पहल गर्नेछ । आयुर्वेद चिकित्सा पद्धती, ध्यान र योगलाई स्वास्थ्य उपचारको सहयोगी माध्यम बनाउन प्रोत्साहित गर्दै ध्यान तथा योग केन्द्रको स्थापना गर्न पहल गरिनेछ ।

४४. महंगो स्वास्थ्य सेवाका कारण सामान्य व्यक्तिको पहुँच बाहिर रहेको मुटु, मृगौला लगायत अन्य घातक रोगको उपचारमा गाउँवासिलाई सहायत उपलब्ध गराउन आवश्यक कार्यविधि बनाइ मानविय सहायत कोष मार्फत आर्थिक सहयोग प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

४५. स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति र सेवा विमुख नागरिकहरुको लागि घरघरमा स्वास्थ्य सेवा प्रदान गर्ने नीति अवलम्बन गरिनेछ । यस अभियानमा स्थानीय स्वास्थ्य संस्थाहरुलाई व्यवस्थित ढंगले परिचालन गरिनेछ ।

४६. गाउँपालिका भित्रका विपन्न वर्गका बालबालिकाहरुको स्वास्थ्य प्रवर्द्धन तथा जन्म दर्ता गर्न पाउने बाल अधिकारलाई संरक्षण गर्न तथा घटना घटे लगत्तै घटना दर्ता गर्नुपर्छ भन्ने सन्देश प्रवाह गराउनका लागि बच्चा जन्मेको ३५ दिन भित्रमा जन्म दर्ता गराएमा सम्बन्धित वडा सचिवको सिफारिशमा गाउँपालिकाको स्रोतले सम्भव भएसम्म जन्मदर्ता गराएमा रु. ५००।-(पाँच सय) प्रोत्साहन भत्ता दिने नीतिलाई निरन्तरता दिइने छ ।

४७. स्वास्थ्य नै सम्पत्ति हो भन्ने उक्तिलाई व्यवहारमा कार्यान्वयन गराउन राष्ट्रिय कार्यक्रमको रुपमा सञ्चालनमा रहेको स्वास्थ्य विमा कार्यक्रम यस गाउँपालिकामा पनि कार्यान्वयनका लागि आवश्यक पहल गरिनेछ ।

४८. विद्यालय स्तरमा अध्ययनरत किशोर किशोरीहरुलाई प्रजनन स्वस्थ्य तथा यौन शिक्षा सम्बन्धी सचेतना अभिवृद्धि गरी बालविवाहको रोकथाम र नियन्त्रण गर्न तथा विद्यालयमानै हुन सक्ने सामान्य स्वस्थ्य समस्याको उपचार गर्न **विद्यालय नर्सिङ कार्यक्रम**को थालनी गरिनेछ ।

४९. खानेपानीको मुल संरक्षण र व्यवस्थापनमा विषेश ध्यान दिदै गाउँपालिका भित्रका ५ वटै वडाहरुमा स्वच्छ खानेपानीको सहज पहुँचलाई विस्तार  तथा व्यवस्थापन गर्न **एक घर, एक धारा, एक मिटर, एक सुधारीएको चुलो** कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ । यसका लागि सञ्चालनमा रहेका खानेपानी आयोजना तथा उपभोक्ता समितिलाई अनुदान र साझेदारी तथा ग्रामिण क्षेत्रहरुमा नया खानेपानी आयोजनाको सञ्चालन र मर्मत संभारका कार्यक्रमहरु संचालनको नीति लिइएको छ ।

५०. चालु आ.व.मा सञ्चालनमा रहेको सार्वजनिक स्थल तथा सामुदायिक विद्यालय क्षेत्रको सरसफाई कार्यक्रमलाई निरन्तरता दिदै पूर्ण सरसफाइ अभियान अन्तर्गत सरसफाइका तोकिएका सूचकहरुका आधारमा वडाहरुलाई पूर्ण सरसफाइ वडा घोषणा गरिनेछ । सरसफाइ अभियानको प्रभावकारी कार्यान्वयनका लागि टोल विकास समितिहरु गठन गरी परिचालन गरिनेछ ।

५०. गाउँपालिका भित्र हुने अव्यवस्थित मदिरा उत्पादन, बेचबिखान तथा उपभोगले उत्पन्न भइरहेको सामाजिक समस्यालाई व्यवस्थापन तथा नियन्त्रण गर्न चाड पर्व, शुभकार्य तथा जन्म तथा मृत्यू संस्कारमा बाहेक मदिराको उत्पादन, बेचबिखान तथा उपभोगमा नियन्त्रण ल्याउन यथाशिघ्र कार्यविधि बनाई लागु गरिनेछ ।

५१. लैङ्गिक हिंसा, लैङ्गिक विभेद, छुवाछुत जस्ता कुरीति र कानूनले बर्जित गरेका कुप्रथा र अन्धविश्वासको अन्त्य र मानव ओसारपसार तथा वेचविखान, बालबिवाह, बालश्रम विरुद्ध सामाजिक सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५२. बालमैत्री स्थानीय शासनका सूचकहरुलाई सहयोग पुग्ने कार्यक्रमहरु तय गर्दै आ.व. ०७८/७९ भित्र यस गाउँपालिकालाई पुर्ण रुपमा बालमैत्री बनाउने नीतिलाई निरन्तरता दिइएको छ । प्रत्येक वडा तथा सामुदायिक विद्यालयमा बालमैत्री शासनको अवधारणा अनुरुप बाल क्लवहरु र बाल क्लव संजाल गठन तथा पुर्नगठन गरिनेछ ।

५३. युवा परिषद (Youth Council) गठन गरी युवा परिचालन, समाज सशक्तिकरण अभियानमूलक कार्यक्रम, खेलकुद लक्षित कार्यक्रम संचालन गरी युवाहरुलाई समाज विकासका रचनात्मक काममा परिचालन गरिने छ । साथै खेलकुद पूर्वाधार विकासमा जोड दिइने छ । गाउँपालिकाले अगाडी सारेका कार्यक्रमलाई सफल बनाउन परिषदले सहयोग पुऱ्याउने अपेक्षा लिइएको छ ।

५४. गाउँपालिकाका युवा तथा खेल प्रेमीहरुलाई स्वस्थ र अनुशासित बनाई उत्कृष्ट खेलाडी उत्पादनमा सहयोग पुऱ्याउन राष्ट्रियस्तरका, क्षेत्रीयस्तरका तथा अन्तरपालिका स्तरीय खेलकुदका गतिविधिहरु संचालन गरिनेछ । चालु आ.व. देखि संचालन शुरु गरिएको अध्यक्षकप फुटवल प्रतियोगितालाई आगामी आ.व. मा पनि निरन्तरता दिइनेछ ।

५५. बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई आगामी आ.व. देखि अनिवार्य गरिनेछ । उक्त कार्यलाई प्रभावकारी बनाउन तथा वितरण कार्यमा सहजता प्रदान गर्न स्थानीय स्तरमा सञ्चालनमा रहेको बैंकसँग समन्वय र सहकार्य गरिनेछ ।

५६. गैर सरकारी संस्था र सामाजिक संस्थाहरुको नियमनका लागि आचारसंहिता एवम कार्यविधि बनाई कार्यान्वयन गरिनेछ । गैरसरकारी संस्थाबाट सञ्चालित क्रियाकलावहरुको निश्चित सूचक र मापदण्ड बनाई अनुगमन गरिनेछ । संस्थाहरुको कार्यक्षमता र विज्ञताको आधारमा एकद्धार प्रणाली अपनाई साझेदारीमा क्रियाकलावहरु संचालन गर्न प्रोत्साहित गरिनेछ ।

**<u>वन, वातावरण तथा विपद व्यवस्थापन तर्फः</u>**

५७. सामुदायिक वनहरुलाई व्यवस्थित गर्दै त्यस्ता वन क्षेत्रहरुमा जडिबुटी, गैरकाष्ठ वन पैदावार र आय आर्जनका विविध कार्यक्रमहरु संचालन गर्न अभिप्रेरित गरिनेछ ।

५८. भूसंरक्षण, जलाधार व्यवस्थापन र जलउत्पन्न प्रकोप न्यूनीकरणका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरिनेछ । विपद जोखिम न्युनिकरण, जलबायु परिवर्तनको असर न्यूनीकरण तथा जैविक विविधता संरक्षणका लागि दीर्घकालीन योजना बनाई कार्यान्वयनको पहल गरिनेछ ।

५९. भुकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी जस्ता विभिन्न प्रकारका प्राकृतिक प्रकोपबाट प्रभावित नागरिकहरुलाई तत्काल राहत दिन गाउँ विपद व्यवस्थापन कोष स्थापना गरी विपद व्यवस्थापन समितिको सिफारिसमा उपलब्ध गराउँदै आएको राहतको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६०. गाउँपालिका क्षेत्रभित्रबाट निस्कने फोहोरमैलाको संकलन, पुनःउपयोग, प्रशोधन र विर्सजनका लागि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार काम अगाडी बढाइनेछ । घर निर्माण गर्दा अनिवार्य रुपमा सेप्टी टंकी सहितको शौचालय बनाउनु पर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

६१. गाउँपालिका भित्र निर्माणाधिन  ठूला तथा गाउँगौरवका आयोजनाहरुको निर्माणमा सहजिकरण गर्न तथा ती परियोजनाहरुबाट  हुन सक्ने वातावरणीय असरलाई न्यूनीकरण गर्न बातावरणीय प्रभाव मूल्याङ्कन -(EIA) तथा प्रारम्भिक वातावरणीय परीक्षण -(IEE) कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

**<u>सुशासन तथा संस्थागत विकास तर्फ :</u>**

६१. न्यायिक समितिको कार्य सम्पादन प्रक्रिया प्रभावकारी बनाउन समितिका पदाधिकारी र मेलमिलापकर्तालाई आवश्यक ज्ञान, सीप अभिवृद्धिका साथै अन्य व्यवस्थापकिय कार्यका लागि

आवश्यक स्रोतको प्रबन्ध गरिनेछ । सहज र सरल ढंगले निःशुल्क न्याय सम्पादनका लागि मेलमिलाप समितिको समेत सहयोग र समन्वयमा कार्यक्रम अगाडि बढाइने छ ।

६२. गाउँपालिकाको व्यवस्थित रुपमा विकास गर्न उपलब्ध स्रोत साधनको समुचित परिचालन गरी गाउँको एकिकृत विकासमा सहयोग पुऱ्याउन दीर्घकालिन योजना, एकिकृत गाउँविकास योजना तथा क्षेत्रगत योजनाहरु तयार गरिनेछ । साथै व्यवस्थित गाउँ बनाउन Village Profile तयार गर्ने कार्यलाई समेत अगाडी बढाइनेछ ।

६३. गाउँपालिकाको आन्तरिक श्रोत परिचालनलाई दिगो र प्रभावकारी बनाउन, स्रोत साधनको परिचालनमा आत्मनिर्भर बनाउनदै लैजान करको दायरा बढाइनुका साथै करका दरहरुलाई समसामयिक र बैज्ञानीक बनाइनेछ । राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन लगायत राजश्व प्रशासन सुधार तथा आवधिक राजश्व प्रक्षेपण योजना तयारीका लागि विज्ञहरुको परामर्श सेवा लिइनेछ ।

६४. गाउँपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवालाई चुस्त, दुरुस्त बनाउन संस्थागत सुधार गरिनेछ । सेवा प्रवाहको अवस्था वर कार्यवोझका आधारमा गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मौजुदा जनशक्तिको क्षमता विकास गर्दै आवश्यक थप दक्ष प्राविधिक जनशक्तिको व्यवस्था मिलाइनेछ । कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा दण्डीत तथा पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

६५. निर्वाचित पदाधिकारीहरुको क्षमता विकासमा जोड दिइनेछ । निर्णय प्रकृयालाई चुस्त, दुरुस्त र पारदर्शी बनाई निर्णय गर्ने पदाधिकरीहरुलाई नतिजा प्रति उत्तरदायी र जिम्मेवार बनाईनेछ ।

६६. जनताप्रति उत्तरदायी र जवाफदेही सेवा प्रवाहका लागि भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ । गाउँपालिकाको काम कारबाहीलाई सरल, सहज, सुविधायुक्त र सेवाग्राहीमैत्री बनाई सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी र सुशासनयुक्त बनाइनेछ । सेवा प्रवाह सहज र सरल बनाउन सूचना र प्रविधिको उपयोग गरिनेछ ।

६७. नेपाल सरकारबाट स्वीकृत भएको स्थानीय संचितकोष व्यवस्थापन प्रणाली -(SuTRA) लाई आगामी आ.व. देखि पुर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

६८. आर्थिक व्यवस्थापनमा वेरुजु हुने अवस्थाको न्यूनीकरण गर्दै आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गरिने छ । गत विगत देखि रहेका पेश्की तथा वेरुजु फछ्र्यौटलाई अभियानकै रुपमा अगाडि बढाउदै शून्य वेरुजु नीति अवलम्बन गरिने छ ।

६९. विद्यालय, सहकारी, महिला समूह, उपभोक्ता समिति लगायतका संघसंस्था तथा समूहहरुको क्षमता विकास गरि लेखा तथा अभिलेख व्यवस्थापन र संस्थागत सुदृढीकरणमा जोड दिइनेछ ।

७०. सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजर्निक सुनुवाइ जस्ता कार्यक्रमलाई निरन्तरता दिदै नागरिक सन्तुष्टि सर्वेक्षण कार्यको शुरुवात गरिनेछ । जनगुनासोको प्रभावकारी व्यवस्थापनका

लागि आवश्यक प्रविधिको जडान गरी प्रत्येक सुक्रवार “ **हेलो अध्यक्ष कार्यक्रम** “ को सञ्चालन गरिनेछ ।

७१. “**जनतासँग अध्यक्ष कार्यक्रम**” मार्फत कृषि, उद्योग, पर्यटन, सामाजिक विकास, विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकास लगायतका क्षेत्रहरुलाई अझ प्रभावकारी बनाइने छ ।

७२. गाउँपालिकाका सम्पुर्ण वडाहरुमा इन्टरनेट सेवाको पहुँचको विस्तारका लागि आवश्यक कार्यक्रम तर्जुमा गर्ने कार्यलाई पुन दोहोऱ्याउन चाहन्छु । गाउँकार्यपालिका कार्यालय र वडा कार्यालयहरुलाई नेटवर्किङ गरी विधुतीय अभिलेखन प्रणाली प्रयोग गरी वडाबाटै कर तथा शुल्क तिर्न सक्ने व्यवस्थालाई अझ सहज र सरल बनाउँदै लगिनेछ ।

**अन्त्यमा,**

कोन्ज्योसोम गाउँपालिकाको समृद्धिको अभियानमा आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गरी “**कृषि, पर्यटन, जनशक्ति विकास र पूर्वाधार, समृद्ध कोन्ज्योसोम विकासको आधार**” भन्ने हाम्रो नारालाई सार्थकता प्रदान गर्न तथा आ.व. ०७६/७७ लाई “ **कृषि, पशुपंक्षी र पर्यटन वर्ष** “ को रुपमा कार्यरुप दिन प्रतिनिधी सभा-ललितपुर क्षेत्र नं. १ का माननिय संसद ज्यू, ललितपुर क्षेत्र नं. १ क र ख का माननिय प्रदेश संसद ज्यूहरु, यस गा.पा.का जनप्रतिनिधि, राष्ट्रसेवक, किसान, मजदुर, बुद्धिजिवी, नागरिक समाज, पत्रकार, निजी तथा सहकारी क्षेत्र र विभिन्न संघसस्थाहरुलाई आवहान गर्दै सोका लागि आवश्यक-सकारात्मक सहयोगको समेत अपेक्षा गर्दछु ।

धन्यवाद,

**गोपीलाल सिंतान**
**अध्यक्ष**
**कोन्ज्योसोम गाउँपालिका**